# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः १०, पौष २६ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# व्यास नगरपालिका वन ऐन, २०८२

नगर सभाबाट पारित मिति २०८२।९।२५

**प्रस्तावना :** वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेका समुदाय लगायत त्यस्तो वनक्षेत्रमा आश्रित एवं त्यस्तो वनक्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित वनदेखि टाढाका समुदाय समेतको वन व्यवस्थापन र लाभको बाँडफाँडमा पहिचान, प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै नेपालको संविधानमा उल्लेखित वन माथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउँदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउँदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आर्थिक सम्बृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्‍याउन वनको व्यवस्थापन, उपयोग सम्बन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ मा उल्लेखित संघ र प्रदेशको साझा सूचीमा रहेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ङ) र १०२ (१) बमोजिम व्यास नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “व्यास नगरपालिका वन ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “वन” भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, कवुलियती वन, निजी वन, कृषि वन, वृक्षारोपण, सिमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक निजी वन समेत सम्झनुपर्छ ।

(ख) “वन ऐन, २०८२” भन्नाले व्यास नगरपालिकाको नगर सभाले पारित गरेको वन ऐन, २०८२ सम्झनुपर्छ । यस शब्दले संघ र प्रदेश सरकारबाट जारी वनलाई समेत सम्झनुपर्छ ।

(ग) “प्राकृतिक स्रोत साधन” भन्नाले जल, जलचर, जमिन, जङ्गल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधन सम्झनुपर्छ ।

(घ) “परम्परागत रूपमा संरक्षण, भोगचलन” भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरता सम्झनुपर्छ ।

(ङ) “वन माथिको पहुँच” भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वन पैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकार सम्झनुपर्छ ।

(च) “वन माथिको स्वामित्व” भन्नाले परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तर रूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्व सम्झनुपर्छ ।

(छ) “वन अधिकार” भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकार सम्झनुपर्छ ।

(ज) “स्थानीय वन परिषद्” भन्नाले दफा २१ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद् सम्झनुपर्छ ।

(झ) “स्थानीय समुदाय” भन्नाले वनक्षेत्रसँग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदाय सम्झनुपर्छ ।

(ञ) “अन्य समुदाय” भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वन पैदावार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आइरहेको वन पैदावारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वनक्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदाय सम्झनुपर्छ ।

(ट) “अधिकारवाला” भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेत सम्झनुपर्छ ।

(ठ) “वनक्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानुनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सीमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनुपर्छ ।

(ड) “पारिवारिक निजी वन” भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गरेको तथा नियमानुसार नगरपालिकामा दर्ता गराएको वन सम्झनुपर्छ ।

(ढ) “परम्परागत उपभोक्ता” भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदाय सम्झनुपर्छ ।

(ण) “परम्परागत जीवन पद्धति” भन्नाले परापूर्वकालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यास सम्झनुपर्छ ।

(त) "सामुदायिक वनको स्वामित्व" भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वन माथिको समुदायको सामूहिक स्वामित्व जनाउने छ ।

(थ) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूह सम्झनुपर्छ ।

(द) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्यसमिति सम्झनुपर्छ ।

(ध) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यवसायिक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी वा सामुदायिक वनमा रहेको वनस्पति, जीव र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वनक्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वन श्रोत समेत जनाउने छ ।

(न) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनुपर्छ ।

(प) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानुन बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनुपर्छ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ब) "वातावरणीय सेवा" भन्नाले वनक्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने तपशिल बमोजिमको सेवा तथा लाभ सम्झनुपर्छ ।

क. कार्वन,

ख. जैविक विविधताको संरक्षण,

ग. जलचक्र प्रणाली,

घ. पर्यापर्यटन,

ङ. तोकिए बमोजिमको अन्य लाभ ।

(भ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(म) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(य) "राष्ट्रिय वन" भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कवुलियती वन, प्रदेश भित्रको राष्ट्रिय वन वा अन्तर प्रादेशिक वन सम्झनुपर्छ ।

(र) "साझेदारी वन" भन्नाले प्रदेश सरकार, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम वनको व्यवस्थापन गर्न हस्तान्तरित वन सम्झनुपर्छ ।

(ल) "पर्यापर्यटन" भनाले वन, वन्यजन्तु, वातावरण लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई सम्झनुपर्छ र सो शब्दले पर्यापर्यटन लक्षित गरी सञ्चालन गरिने क्रियाकलापलाई समेत जनाउँछ ।

(व) "शहरी वन" भन्नाले शहरी र शहरोन्मुख क्षेत्रभित्र रहेका प्राकृतिक वा मानवीय प्रयासबाट लगाई हुर्काइएका सामाजिक, मनोरञ्जनात्मक, वातावरणीय सेवा दिन सक्ने र उपभोगको महत्व राख्ने रुख, विरुवा, झाडी, हरित पेटी तथा वन उद्यान समेतलाई जनाउँछ ।

(श) "सिमसार" भन्नाले भूमिगत जलश्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फ्लडप्लेन), ताल, पोखरी र जलभण्डार क्षेत्र समेतलाई सम्झनुपर्छ ।

(ष) "डिभिजन वन अधिकृत" भन्नाले प्रचलित कानुन बमोजिम खटाइएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ ।

## परिच्छेद २
## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

३. **सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने** : (१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेको राष्ट्रिय वनको कुनै भाग कानुन बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपभोक्ता समूहको चाहना र आवशयकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले व्यास नगरपालिकाको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ । त्यसरी बनाएको वा संशोधन गरेको कार्ययोजना कार्यान्वयन गर्नुअघि उपभोक्ता समूहले सोको जानकारी डिभिजन वन अधिकृतलाई दिनुपर्नेछ ।

४. **सामुदायिक वनमा स्थानीय समुदायको अधिकार** : (१) सामुदायिक वनमा सामुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वनसम्बन्धी अधिकारहरू प्राप्त गर्ने छन् :

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, सम्बद्धन, प्रवर्द्धन, वन पैदावारको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वन पैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक बिना अवरोध वनक्षेत्रमा आवतजावत गर्ने, वनक्षेत्रमा व्यवस्थित चरिचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पूरा गर्ने र बढी भएका वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्वन संचितीकरण तथा भण्डारण लगायत वातावरणीय सेवा वापतको लाभ प्राप्त गर्ने,

(च) वन श्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुऱ्याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम, कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाई सम्बन्धित नियकायसँग स्वीकृति लिई लागु गर्ने, गराउने,

(ट) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित लगायतका आर्थिक, सामाजिक रूपमा पिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाँड र प्रयोग गर्ने,

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि नगरपालिका, प्रादेशिक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यको लागि सामुदायिक वनक्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाण-पत्र, वन पैदावार, वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समूहले सञ्चालन गरेको उद्योग आदिलाई बैंक वा वित्तीय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिई दिगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(ण) वनसँग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीकरण र बजारीकरणका लागि चाहिने वन पैदावारजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित वस्तुलाई उपभोग गर्ने र बजारमा बिक्री वितरण गरी लाभ प्राप्त गर्ने,

(त) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने, पर्यापर्यटन, पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू सञ्चालन गरी लाभ प्राप्त गर्ने,

(थ) वनको दिगो व्यवस्थापनद्वारा वनक्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वनक्षेत्रमा काठ र गैरकाठजन्य वन पैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठूला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसँग सम्झौता गरी सञ्चालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने,

(द) सामुदायिक वन श्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(ध) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरी वन श्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(न) वनको भौगोलिक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्बर्द्धन (गोडमेल, हाँगा काँटछाँट, झाडी सफाई, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(प) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भू-दृश्य, सौन्दर्य तथा कार्वन संचिति जस्ता वातावरणीय सेवाहरूको सम्भावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडि बढाउने,

(फ) कार्वन संचिति, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वनक्षेत्रको परिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

(ब) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाई गर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक

श्रोत साधनको बिक्री वितरण, उपयोग, उपभोग, श्रोत प्रयोग वापतको कानुन बमोजिमको लाभ प्राप्त गर्ने ।

(२) सामुदायिक वन उपभोक्ता समूहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वनसम्बन्धी अधिकारहरू प्राप्त गर्ने छन् :

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वन पैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समूह भित्रका आर्थिक, सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्ने छन् :

(क) कुनै विशिष्ट जाती वा समुदायसँग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा जीविकोपार्जनको सीपसँग सम्बन्धित प्राकृतिक श्रोत साधन वा वन पैदावारहरू माथि प्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरी परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागत ज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरता दिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानुनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसँग सम्बन्धित अभ्यासहरूको निरन्तरता दिने,

(ङ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानुनको सम्मान प्राप्त गर्ने ।

(४) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वन श्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्राप्त हुने छन् :

(क) सामुदायिक वनबाट वन पैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

(५) उपदफा (१), (२), (३), (४) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै विशिष्ट अधिकार कुनै विशेष समुदाय, वर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूची सामुदायिक वन उपभोक्ता समूहको आम भेलाबाट पारित गरी नगरपालिका समक्ष जानकारी गराउने र सम्बन्धित निकायको अनुमति प्राप्त भएपछि मात्र निर्णयानुसार गर्ने ।

(६) वनमा आधारित उद्यम विकास :

(१) सामुदायिक वन श्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समूह आफैंले वा नगरपालिका, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसँग सम्झौता गरी वा तेस्रो पक्षसँग सम्झौता गरी व्यवसायिक रूपमा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन लगायत अन्य वन पैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यवसायिक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्री वितरण गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम तेस्रो पक्षलाई सामुदायिक उद्योग सञ्चालन गर्नको लागि अनुमति दिंदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्ष रूपमा लाभ प्राप्त गर्ने गरी दिनुपर्नेछ । यसरी उद्यम सञ्चालन गर्नको लागि तेस्रो पक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

५. **उपभोक्ता समूहको गठन** : (१) सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका उपभोक्ता समूह सम्बन्धित डिभिजन वन कार्यालयमा तोकिए बमोजिम दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ताको लागि सम्बन्धित उपभोक्ता समूहले विधान सहित संलग्न राखी निवेदन दिनुपर्नेछ ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन नगरपालिका र डिभिजन वन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

६. **उपभोक्ता समूह संगठित संस्था हुने** : (१) उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

७. **उपभोक्ता समूहको कोष** : (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र उपभोक्ता समूहले गरेको जरिवानाबाट प्राप्त रकम ।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तुबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट त्यस्ता व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

८. **सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्व** : (१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधीनमा रही सामुदायिक वन श्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधीनमा रही सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढङ्गले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा नगरपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारण सभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्द्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन सम्बर्द्धन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

९. **वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने :** उपभोक्ता समूहले तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम आफैंले वा स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "वन उद्यम" भन्नाले वन्यजन्तु पालन समेतलाई जनाउँनेछ ।

१०. **वनको विकासको लागि खर्च गर्नुपर्ने :** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ ।

(३) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ ।

तर धार्मिक वनक्षेत्रमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार डिभिजन वन कार्यालय र नगरपालिकाको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

११. **सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने :** (१) देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन नगरपालिकाले आवश्यक निर्देशन दिने तथा आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालयमा लेखी पठाउन सक्नेछ :

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यस्थापन कार्ययोजना बमोजिम कार्यसञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) व्यास नगरपालिका वन ऐन, २०८२ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गरिनेछ ।

१२. **स्थानीय समुदायसँग स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी लिनुपर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले देहाय बमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी लिनुपर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समूहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसँग सम्बन्धित नीति, ऐन, कानुन तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानुन, तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी/महासन्धी, घोषणा-पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधीनमा रही नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसँग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी (Free Prior Inform Consent) लिइनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसँग र उपदफा (२) बमोजिम विभिन्न जाति, वर्ग वा समुदायसँग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी ( Free Prior Inform Consent) नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनैपनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

१३. **सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था** : (१) जल, जङ्गल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्बन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वनसम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागी गराइनेछ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सिमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउँदा निर्णायक तह ( पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराइनेछ ।

(३) उपदफा (२) बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउँदा समेत समुदायको गरिब, विपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई विशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

१४. **सामुदायिक वनलाई प्राथमिकता दिनुपर्ने** : (१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनैपनि भागलाई कानुन बमोजिम बाहेक कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वनक्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।

१५. **राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार** : (१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वनक्षेत्रसँग सिमाना जोडिएको वा त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आइरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवतजावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ख) परम्परागत रूपमा वन पैदावारको श्रोतको रूपमा उपभोग गर्दै आइरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदावार निर्वाध रूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्री वितरणबाट लाभ प्राप्त गर्ने,

(ग) परम्परागत रूपमा चरिचरण गर्दै आइरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,

(घ) राष्ट्रिय वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ङ) राष्ट्रिय वनक्षेत्र भित्रका वन्यजन्तुले मानिस, घरपालुवा जनावार र स्थानीय समुदायको बालीनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति नगरपालिकाबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागी नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्बन्धित समूह र सरकारले उचित राहातको व्यवस्था गरिनेछ ।

(च) राष्ट्रिय वनमा कार्वनको संचितीकरण र भण्डारण गरे वापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(छ) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वन पैदावार, चरिचरणका लागि उपभोग गर्दै आइरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नुपर्ने देखिएमा नगरपालिकाले स्थानीय समुदायको पूर्व सु-सूचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्वजनिक हितको लागि प्रयोग गर्न सम्बन्धित निकायसँग अनुमति माग गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्वजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था नगरपालिकाले तत्काल मिलाउनुपर्नेछ । यसरी सार्वजनिक बाटो मर्मत, सम्भार र स्तरोन्नति गर्दा प्राप्त हुने वन पैदावार सम्बन्धित उपभोक्ता समूहको निर्णय अनुसार उपयोग गर्न सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा (२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई

नगरपालिकाले उचित क्षतिपूर्तिको व्यवस्थापन सम्बन्धित निकायसँग समन्वय गरी उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ३
## निजी वन तथा सार्वजनिक जग्गामा रहेका वनसम्बन्धी व्यवस्था

**१६. निजी वन दर्ता** : (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी नगरपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी नगरपालिकाले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनुपर्नेछ ।

(४) यस ऐन बमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन ।

**१७. निजी वनको व्यवस्थापन** : (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यवसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा नगरपालिकाबाट स्वीकृत लिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि कुनै जिल्ला भित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्नेछ ।

(६) निजी वनको धनीलाई नेपाल सरकारले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले तोकिएको मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ ।

**१८. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले नगरपालिकालाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(३) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, खोलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरु तोकिए बमोजिमको कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ ।

**१९. शहरी वनको विकास र व्यवस्थापन** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा शहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयले उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको पैदावार नगरपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

**२०. सामुदायिक वनको काठ दाउरा बिक्री वितरण सम्बन्धी व्यवस्था** : (१) उपभोक्ता समूहले आफ्नो समूह भित्र काठ दाउरा बिक्रीबाट प्राप्त रकमको दश प्रतिशत र आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त रकमको तीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले आफ्नो समूह बाहिर काठ दाउरा बिक्रीबाट प्राप्त प्रदेश सञ्चित कोषमा जम्मा भएको तीस प्रतिशत रकम मध्ये बीस प्रतिशत प्रदेश सरकार र दश प्रतिशत नगरपालिका बीच बाँडफाँट हुनेछ ।

**२१. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सार्वजनिक जग्गामा वनवाटिका, उद्यान, हरित पार्क वा शहरी वनको रुपमा वनको स्थापना, संरक्षण, विकास, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) सार्वजनिक जग्गामा लगाई हुर्काएको वनलाई नगरपालिकाको सहमतिमा स्थानीय समुदायले उपभोक्ता समूह गठन गरी सामुदायिक वनको रुपमा डिभिजन वन कार्यालयबाट हस्तान्तरण गरी लिन र यस ऐन बमोजिम व्यवस्थापन गर्न सक्नेछन् ।

**२२. सार्वजनिक स्थानमा रहेको रुख सम्बन्धी व्यवस्था** : (१) कसैले पनि राष्ट्रिय वन बाहेकका सार्वजनिक सडक, बाटो, नहर, कुलो, किनारमा लगाएका तथा बाटो सडकमा छहारी पर्ने रुखहरू र चौतारा, सिंचाई कुलाको मुहान, धार्मिक स्थल, अन्त्येष्टी स्थल वा यस्तै अन्य महत्वपूर्ण स्थानमा रहेका रुखहरू काट्न र मास्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिमका रुखको संरक्षण र व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिमको रुख विरुवाको सम्वर्द्धन गर्न वा रुख बिरुवा ढली मानवीय वा अन्य भौतिक क्षति हुनबाट बचाउन वा अन्य कुनै प्राकृतिक कारणले ढलेको, जोखिमयुक्त सुकेको, बुढा तथा खडा रुखको हाँगा काठ दाउराको सदुपयोग तथा बिक्री वितरण गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

(४) सरकारी जग्गामा रहेका रुखहरू हटाउने सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) सार्वजनिक स्थानमा रहेका वर, पिपल, समी लगायत चौतारोमा रहेका रुख प्रजातिहरूको संरक्षण तथा व्यवस्थापन प्रचलित प्रदेश कानुन बमोजिम हुनेछ ।

**२३. शैक्षिक संस्थाको रुख व्यवस्थापन सम्बन्धमा** : जग्गाधनी प्रमाणपूर्जा भएका सरकारी वा अर्धसरकारी विश्वविद्यालय, क्याम्पस, विद्यालय जस्ता शैक्षिक संस्थाको परिसर वा जग्गामा रहेका रुखहरू हटाउन पर्ने भएमा सम्बन्धित संस्थाको निर्णयको आधार एवं नगरपालिकाको सिफारिस भएमा डिभिजनल वन अधिकृतले हटाउन स्वीकृति दिन सक्नेछ । यसरी रुख हटाउन स्वीकृति पाएमा सम्बन्धित निकायले आफ्नै खर्चमा कटान मुछान गरी आफैं प्रयोग गर्न वा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी आम्दानी उपयोग गर्न सक्नेछ ।

२४. **जोखिम हुने रुखहरु हटाउने सम्बन्धी व्यवस्था** : (१) वन व्यवस्थापन गरिने क्षेत्रभन्दा बाहिर रहेका सुकेका हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका, ढलेका रुख नहटाएमा अन्य भौतिक संरचना वा जनधन वा मानव वस्ती तथा आवागमनमा जोखिम रहेको पाइएमा डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरू हटाउन सक्नेछ ।

(२) जोखिमयुक्त रुख हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **निजी वन तथा निजी आवादीको वन पैदावार ओसारपसार** : (१) घरायसी प्रयोजनका लागि निजी वन वा निजी आवादी जग्गामा रहेका रुख कटान, सङ्कलन वा प्रशोधन गरी उत्पादित काठ दाउरा जिल्ला भित्रको कुनै एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट कटान, सङ्कलन, प्रशोधन तथा ओसारपसार गर्ने हो सोही स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

(२) घरायसी प्रयोजनको लागि नगरपालिका भित्र निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, सङ्कलन, ओसारपसार तथा प्रशोधन गरी उपयोग गर्न सम्बन्धित वडा कार्यालयमा अनुमतिका लागि निवेदन दिन सकिनेछ र त्यसरी निवेदन प्राप्त भएमा सम्बन्धित वडा कार्यालयले त्यस्तो अनुमति दिनुपर्नेछ ।

(३) व्यवसायिक प्रयोजनको लागि निजी वन वा आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ र नगरपालिकाले त्यस्तो स्वीकृतिको जानकारी डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्नेछ ।

(५) यस दफा बमोजिम निजी वन वा आवादीबाट काठ, दाउरा सङ्कलन गर्ने अवधि प्रत्येक वर्ष असोज महिनाको १ गतेदेखि जेठ मसान्तसम्म हुनेछ । तर कुनै किसिमको विपद् परी निजी वन वा निजी जग्गाको वन पैदावार सङ्कलन गरी सुरक्षित स्थानमा राख्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी वन वा निजी आवादीमा उत्पादित गोलिया काठ हुने बाहेकका दाउरा, फलफूल, डालेघाँस र बाँस कटान, सङ्कलन, ओसारपसार, बिक्री र प्रयोगमा कुनैपनि निकायबाट इजाजत लिनुपर्ने छैन ।

(७) यस दफा बमोजिम उत्पादित काठ दाउरा गैरकानुनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको सम्बन्धमा सम्बन्धित सव डिभिजन वन कार्यालयले अनुगमन तथा प्रचलित कानुन बमोजिम जाँचबुझ गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम जाँचबुझ गर्दा घरायसी प्रयोजनका लागि निजी दर्ता जग्गा वा निजी वनबाट नै काठ दाउरा उत्पादन गरेको ठहरेमा यही विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्बन्धित धनीलाई फिर्ता दिनुपर्नेछ ।

(९) निजी वन तथा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन, ओसारपसार तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री ओसारपसार सम्बन्धी व्यवस्था** : (१) कसैले निजी स्वामित्वको जग्गामा रहेको पुरानो घरगोठमा प्रयोग भएका काठ वा काठजन्य सामग्री प्रदेश भित्र अन्यत्र लैजान चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयको स्वीकृति लिई स्थानान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन कार्यालयले स्वीकृति दिँदा स्थानान्तरण गरिने काठ वा काठजन्य सामग्रीको नाप र परिमाण सहितको लगत प्रमाणित गर्नुपर्नेछ ।

(३) पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री ओसारपसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री बिक्री गर्नु परेमा डिभिजन वन कार्यालयमा तोकिए बमोजिमको शुल्क तिरी बिक्री गर्न सकिनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि पुरानो घरगोठमा प्रयोग भएको काठ भन्नाले कम्तिमा दश वर्ष पुरानो घरगोठमा प्रयोग भएको काठलाई सम्झनुपर्छ ।

## परिच्छेद ४
## सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

२७. साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियती वन उपभोक्ता समूहहरू, धार्मिक वनहरू वन ऐन, २०७६, वन नियमावली २०७९, गण्डकी प्रदेश वन ऐन, २०८०, नियमावली २०८० र व्यास नगरपालिका वन ऐन २०८२ द्वारा सञ्चालन तथा व्यवस्थापन हुने छन् ।

२८. दर्ता तथा हस्तान्तरण नभएका वनक्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरू, कवुलियती वन उपभोक्ता समूहहरू, धार्मिक वन, पारिवारिक निजी वनहरूको रुपमा दर्ता तथा हस्तान्तरण गरी गण्डकी प्रदेश वन ऐनद्वारा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

## परिच्छेद ५
## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**२९. वन परिषद्को गठन :** (१) संघ, प्रदेशका निकायहरुसँग समन्वय गरी वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हकहित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हकहितका सम्बन्धमा सम्बन्धित निकायमा सुझाव दिनको लागि स्थानीय स्तरमा एक वन परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन् :

(क) प्रमुख -संयोजक

(ख) उपप्रमुख -सहसंयोजक

(ग) वन तथा वातावरण समितिको संयोजक १ जना -सदस्य

(घ) नगर सभाको प्रतिनिधि २ जना -सदस्य

(ङ) सामुदायिक वन उपभोक्ता महासंघको नगरस्तरीय प्रतिनिधि २ जना -सदस्य

(च) नगरस्तरीय आदिवासी जनजाति महासंघको प्रतिनिधि १ जना -सदस्य

(छ) नगरपालिका भित्र दलित अधिकारको क्षेत्रमा काम गर्ने १ जना -सदस्य

(ज) धार्मिक, कवुलियती र पारिवारिक निजी वनको प्रतिनिधि १ जना -सदस्य

(झ) व्यवसायिक संस्थाका प्रतिनिधि १ जना -सदस्य

(ञ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट नगरपालिकाले मनोनित गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि ५ जना -सदस्य

(ट) प्रमुखले तोकेको वा वन वातावरण शाखाको प्रमुख -सदस्य सचिव

तर नगरपालिकाले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनित गर्नुपर्नेछ । उपदफा (२) बमोजिम गठन हुने वन परिषद्मा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनित हुन सक्नेछन् ।

३०. **परिषद्को काम, कर्तव्य र अधिकार :** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जङ्गल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जङ्गल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आइरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचारप्रसार गर्ने, गराउने ।

(ग) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नगरपालिकालाई सुझाव दिने ।

(च) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न नगरपालिकालाई सुझाव दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(झ) परम्परागत रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सीमाले बन्देज गर्ने छैन । यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोप व्यवस्थापनका लागि वन पैदावारलाई सर्वसुलभ बनाउनका लागि डिपो स्थापना गर्ने ।

(ट) अन्तर नगरपालिकाका बीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्वारा सञ्चालित कार्यक्रमहरु अनुगमन, निरीक्षण तथा पृष्ठपोषण गर्ने ।

(ड) समुदायको आन्तरिक सुशासनको लागी आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ढ) जैविक विविधताको अभिलेखीकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

**३१.** **परिषद्को बैठक सम्बन्धी कार्यविधि :** (१) परिषद्को बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सहसंयोजक र संयोजक सहसंयोजकको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को संयोजकद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**३२.** **जाँचबुझ र निरीक्षण गर्न सक्ने :** (१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरीत हुने गरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा वन अधिकार संरक्षण परिषद् आफैं वा परिषद्ले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषद्ले सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

## परिच्छेद ६
## कसूर र सजायँ सम्बन्धी व्यवस्था

**३३.** **वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :** कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरीत हुने गरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वनसम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुँदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा १२ बमोजिम वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी (Free Prior Inform Consent) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**३४.** **दण्ड सजायँ :** संघ, प्रदेश र नगरपालिका अन्तर्गतको वन ऐनका प्रावधानहरु उलंघन गरेमा सम्बन्धित निकायबाट कानुन बमोजिमको दण्ड सजायँ हुनेछ ।

**३५.** **मुद्दा हेर्ने अधिकार :** यस ऐन अन्तर्गत सजायँ हुने कसूर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेमा कानुन बमोजिम डिभिजन वन कार्यलयमा  तोकिएको म्यादभित्र उजुरी दिन सकिनेछ ।

**३६.** **क्षतिपूर्ति भराउन सक्ने :** (१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वनसम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वनसम्बन्धी अधिकारको हनन भएकै कारण कुनैपनि किसिमको हानि नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँ भनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको देखिएमा हानि नोक्सानीको आधारमा हानि नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति वापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद ७
## विविध

**३७. नगरपालिकाबाट अनुमति लिनुपर्ने** : (१) नगरपालिकाको अनुमति लिई उपभोक्ता समूहले स्थानीय सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यवसायिक पालन, समुदायको पहुँचभन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग सञ्चालन गर्ने, उत्पादन गर्ने, उत्पादिन वस्तु वा वन पैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वन पैदावार जन्य उद्योगबाट उत्पादित वन पैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा नगरपालिकालाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाण-पत्रका आधारमा सहकारी मार्फत सःमिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन गर्न सक्नेछन् ।

(४) नगरपालिकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

**३८. अधिकार प्रत्यायोजन** : नगरपालिकाको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम नगरपालिकाले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३९. असल नियतले गरेको कामको बचाउ** : वन उपभोक्ता समिति क्षतिपूर्ति समिति वा नगरपालिकाको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारबाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**४०. नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

**४१. बाझिएको हदसम्म खारेज** : यस ऐनका प्रावधानहरु संघ, प्रदेश ऐनसँग बाझिएमा संघ, प्रदेश ऐन अनुसार हुनेछ र यस ऐनको बाझिएका दफा खारेज वा निस्कृय हुनेछ । यस ऐनमा उल्लेख नभएका विषयहरु संघ र प्रदेश ऐनमा व्यवस्था भए अनुसार हुनेछ ।

**४२. खारेज** : व्यास नगरपालिका वन ऐन, २०७९ खारेज गरिएको छ र सो ऐनले भए गरेका कामहरु यसै ऐनद्वारा भए गरेको मानिनेछ ।

## अनुसूचीहरु

### १. उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदनको ढाँचा

श्री प्रमुखज्यू, …………
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ

व्यास नगरपालिका वन ऐन, २०८२ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक
……………… उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

### २. उपभोक्ता समूहको दर्ताको प्रमाण-पत्रको ढाँचा

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

दर्ता नं.

श्री ………………………… उपभोक्ता समूह

यस नगरपालिकाको मिति ……………. को निर्णय अनुसार व्यास नगरपालिका वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण
उपभोक्ता समूहको क्षेत्रफल :
घरधुरी संख्या :
कुल जनसंख्या :

प्रमाण-पत्र दिने अधिकारी
नाम :
दर्ता :
दस्तखत :
मिति :

यो प्रमाण-पत्र हराएमा वा नासिएमा अर्को प्रमाण-पत्र लिन १०० रुपैयाँ दस्तुर लाग्नेछ ।

### ३. निजी पारिवारिक वन दर्ताको लागि दिइने निवेदन ढाँचा

श्री नगर प्रमुखज्यू,
व्यास नगपालिका, नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ ।

व्यास नगरपालिका वन ऐन, २०८२ को अधीनमा रही संलग्न वन कार्ययोजना अनुसार निजी पारिवारिक वनको रुपमा संरक्षण सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वनक्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नुहुन यो निवेदन पेश गरेका छौं ।

(क) प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना, चार किल्ला, क्षेत्रफल, जैविक विविधता

निवेदक

.................... निजी पारिवारिक वन उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

## ४. निजी पारिवारिक वन दर्ता प्रमाण-पत्र

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमौली, तनहुँ
................... वन

श्री ........................... उपभोक्ता समूह
............................................

व्यास नगरपालिका वन ऐन, २०८२ को अधीनमा रही देहायको निजी वनक्षेत्र यसै साथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग र निजी पारिवारिक वनको रुपमा सुम्पिएको छ ।

नाम :
चार किल्ला :
क्षेत्रफल :

प्रमाण-पत्र दिने अधिकारी
नाम, थर :
दस्तखत :
मिति :

## ५. वन पैदावारको मूल्य निर्धारण

काठको जात ................
ठुटा .....................
दाउरा ...................

## ६. जडिबुटीको नाम र दस्तुर .....................

जरा जाती ...............
फूल र भुवा जाती ..............
गमरेजिन लोहवान जाती .............
अन्य जडीबुटी ...................

## ७. काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार

वन पैदावारको नाम : .............

## ८. सामुदायिक वन उपभोक्ता समूहको विधानमा समावेश हुने कुराहरु

**आज्ञाले**
**सुकदेव लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**